म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २२० शनिवार, ५ चैत २०७८ प्रतिपदा ने. सं. ११४२ चिल्लागा 19 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

प्रो: हिरालाल श्रेष्ठ ९८६५०१२५८८, ९८४५८८३५३३, ०५७-५२५८६३

विशेष छुट ! विशेष छुट !! विशेष छुट !!!

विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क चेकअप गर्नुहोला ।

हाम्रो सेवाहरु:
- डाक्टर सेवा: नि:शुल्क
- ल्याब टेष्टमा १५% छुट
- औषधीमा १०% छुट

यही मिति २०७८ चैत २३ गते संचालन हुँदैछ

त्यसैले आजनै सम्पर्क गरौ ।

देउराली फर्मा

# एउटै गाउँमा एक हजार तरकारी टनेल

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ राज्य पुर्न:संरचनापश्चात् स्थानीय तह बन्नु अगाडि मकवानपुरगढी गाउँपालिकाभित्र रहेका तरकारी टनेलको संख्या औंलामा गन्न सकिन्थ्यो ।

पालिकाको कृषि विकास शाखाका अनुसार साविकको आमभञ्ज्याङ, गढी, बुढीचौर र सुकौरामा गरेर ५० वटा हराहारीमा तरकारी टनेल थिए । तर, स्थानीय तह भएपछि यी चारै गाविस मिलेर बनेको मकवानपुरगढी गाउँपालिकाको करिब ५ वर्षको अवधिमा तरकारी टनेल एक हजार छन् । पालिका अध्यक्ष बिदुर हुमागाईंले किसान लक्षित योजना कार्यान्वयन गरेपछि गढीभित्र एक हजारको संख्यामा तरकारी टनेल छन् । पालिकाभित्रका किसानहरु स्वरोजगार बन्ने उद्देश्यले आफ्नै खेतबारीमा तरकारी फलाएर मनग्य कमाउने ध्याउन्नमा लागेको तथ्यांकले पुष्टि गर्छ । मकवानपुरगढीका किसानहरु मौसमी तथा बेमौसमी तरकारी खेतीमा लागेका छन् ।

चिसो मौसम भएको पालिकाको ८ नम्बर वडास्थित बुढीचौरका किसान धेरै तरकारी उत्पादनमा छन् । गत आर्थिक वर्ष २०७७/७८ को



तथ्यांक अनुसार पालिकाभित्रका ८ वटा वडामा गरेर ९ सय ७ वटा तरकारी टनेल थिए । चालू आव २०७८/०७९ को फागुन मसान्तसम्म करिब एकसय तरकारी टनेल थपिएको गाउँपालिकाको आङ्कलन छ । 'गत आवमै ९ सय बढी तरकारी टनेल थिए । यो आसको फागुनसम्म एकिन तथ्याङ्क नआए पनि एक हजार पुगेको हाम्रो अनुमान छ', कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले भने ।

गाउँबासीलाई स्वरोजगार बनाउने अभियानअन्तर्गत् पालिकाले कृषि बालिमा अनुदानदेखि स्थानीय उपजहरुको बजार मूल्य तोक्नेसम्मको काम गरेपछि टनेल खेतीमा कृषकहरु आकर्षण भएको गाउँपालिका अध्यक्ष हुमागाईं बताउँछन् । उनले आफ्नै खेतबारीमा बगाएको पसिनाको कमाईले दीर्घकालीन प्रभाव पार्ने भएकाले तरकारी खेतीमा किसानहरुलाई सुरुदेखि नै आकर्षित गराउने काम गरिएको बताए । 'अस्थायी प्रकृतिको जागिर खाएर के उन्नति हुन्छ ? कमाई कृषि पेशामा छ । तरकारी खेती र पशुपालनबाटै मनग्य आम्दानी गर्न सकिन्छ । हामीले अभियान नै चलाएका थियौं । अहिले एक हजार बढीले व्यवसायिक तरकारी खेती गरेर कमाई गर्नुहुन्छ', अध्यक्ष हुमागाईं भन्छन् ।

गाउँपालिकाको झण्डै ८२ हजार वर्गमिटर जमिनमा टनेलभित्र मौसमी र बेमैसमी तरकारी बालि लगाइएको छ । गाउँपालिकामा प्लाष्टिक घरभित्र गोलभेडा लगायतका तरकारी खेतीको आकर्षण बढेको छ । तरकारी टनेल खेती व्यवसायबाट ५० हजारदेखि ५ लाख रुपैयाँसम्म किसानले आयआर्जन गर्ने गरेको कृषि शाखा प्रमुख चौधरीले जानकारी दिए । जग्गा कम भएका किसानहरुले अन्यन्त्र ठाउँमा पनि खेती गर्ने गरेका छन् । वैदेशिक रोजगारबाट फर्केका युवाहरु पनि टनेल तरकारी खेतीमा लागेका छन् ।

कृषि शाखाका अनुसार एक हजार तरकारी टनेलमध्ये स्थायी प्रकृतिका फलामे टनेल छन् भने कतिपय अस्थायी प्रकारका टनेल छन् । वडा नम्बर ८ बुढीचौरमा ३ सय ५३ वटा, २ नम्बर वडामा १ सय ९९ वटा प्लास्टिकको घरभित्र टनेल तरकारी खेती गरिएको कृषि शाखा प्रमुख चौधरीले बताए । १ नम्बर वडामा सबै भन्दा कम २७ वटा टनेल घरमा तरकारी खेती गरिएको छ । ९५ प्रतिशत प्लास्टिक घरहरु गोलभेडा खेतीको लागि प्रयोग भएका छन् ।

गोलभेडासँगै अकबरे खुर्सानी, मुला, काउली, बन्दा लगायतका तरकारी उत्पादन भएका छन् । वार्षिकरुपमा करिब प्रतिवर्ग मिटर सरदर १० किलोको दरले ८ लाख १६ हजार २ सय ७० किलो उत्पादन हुने चौधरीले जानकारी दिए । यसबाट प्रतिवर्गमीटर कुल आम्दानी सरदर ४ सय हुन आउने उनको भनाइ छ । गाउँपालिकाले करिब ३२ करोड ६५ लाख आम्दानी गरेको छ । तुलनात्मकरुपमा अन्य तरकारीको तुलनामा गोलभेडा खेतिबाट सन्तोषजनक आम्दानी भैरहेको वडा नम्बर ७ मा कृषक राजकुमार दोङले बताए । गोलभेडा बाहेक मौसमअनुसारका अन्य तरकारीहरुबाट पनि उत्पादन र आम्दानी भइरहेको छ । गाउँपालिकामा उत्पादन भएका तरकारी लगायतका कृषि उपजहरुलाई बजारीकरणको समस्या भने नरहेको कृषकहरुको भनाइ छ ।

गाउँपालिकाले नै उत्पादित कृषि उपजको बजारीकरणको व्यवस्थापन मिलाएको छ । २ नम्बर वडास्थित एक सहकारीसँगको सहकार्यमा हेटौंडामा बजारमा पसल सञ्चालन गरेर गाउँपालिकाले बजारीकरणको व्यवस्था मिलाएको चौधरी बताउँछन् । 'दैनिक पलायन हुँदै आएको युवा शक्तिलाई आफ्नो भूमिमा रमाएर कृषिमा समृद्धि ल्याउने सुनौलो सपना थियो', अध्यक्ष हुमागाईंले भने । तरकारी उत्पादन गर्ने र बढी आयआर्जन गर्ने बाली पद्धति नै बेमौसमी तरकारी उत्पादन प्रविधिमा कृषकलाई आकर्षण गर्न पालिका सफल भएको चौधरीले बताए ।

# उपाधि होडमा मकवानपुर

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ प्रथम प्रदेश खेलकुद प्रतियोगिता-२०७८ अन्तर्गत् हेटौंडामा जारी पुरुष फुटबलतर्फ मकवानपुर उपाधि नजिक पुगेको छ ।

हेटौंडा-५ क्याम्पा रंगशालास्थित घरेलु मैदानमा मकवानपुरले दोलखालाई ५-१ गोल अन्तरले पराजित गर्दै फाइनल पुगेको छ । खेलको १४ औं मिनेटमा समिरराज थोकरले गोल गर्दै मकवानपुरलाई अग्रता दिलाए । खेलको ३४ औं मिनेटमा मकवानपुरका ललित चौलागाईंले एक गोल थपे । खेलको ५५ मिनेटमा समिरराज थोकरले थप एक गोल गरे । मकवानपुरका लागि अमिर श्रेष्ठ र अनिष महर्जनले एक/एक गोल थप्दै अन्तर फराकिलो बनाएका थिए । दोस्रो हाफको ५३ औं मिनेटमा दोलखाका स्वयम् श्रेष्ठले ५३ गोल फर्काएका थिए ।

क्वाटरफाइनलमा मकवानपुरले सिन्धुलीलाई ३-० गोलअन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान पक्का गरेको थियो । दोलखाले बिहीवार भक्तपुरलाई पराजित गर्दै मकवानपुरसँग भेट निश्चित गरेको थियो । यसैगरी शुक्रबार नै भएको



अर्को सेमिफाइनल खेलमा ललितपुरले धादिङलाई टाइब्रेकरमा ५-३ गोलअन्तरले हराएको थियो । उपाधिका लागि मकवानपुर र ललितपुर आइतबार भिड्ने खेल संयोजक कल्पना शर्माले जानकारी दिइन् ।

**मकवानपुर सेमिफाइनल पुग्यो**

चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा भइरहेको पुरुषतर्फको क्रिकेटमा मकवानपुर र काभ्रे सेमिफाइनल प्रवेश गरेका छन् ।

शुक्रबार भएको पहिलो खेलमा काभ्रे ८ विकेटले विजयी भएको छ । भक्तपुरले २० ओभरमा ७ विकेट गुमाएर १ सय ३० रन बनाएको थियो । काभ्रेले १२ दशमलव ५ ओभरमै २ विकेट गुमाउदैं १३३ रन बनाएको थियो । त्यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको मकवानपुरले १९ दशमलव १ ओभरमा सबै विकेट गुमाएर ललितपुरलाई १ सय ५८ को लक्ष्य दिएको थियो । ललितपुरले २० ओभरमा ८ विकेट गुमाएर ८४ रन मात्रै बनाएको खेल संयोजक प्रेम बहादुर क्षेत्रीले बताए । आज शनिबार क्रिकेटका दुई खेल हुने छन् । यसैगरी, मकवानपुरमा आज शनिवारदेखि तेक्वान्दो प्रतियोगिता सुरु हुँदैछ । हेटौंडा-४ पारिजातपथमा रहेको कभर्डहलमा खेल हुने खेल संयोजक माधव कोइरालाले बताए । प्रतियोगितामा १३ जिल्लाकै सहभागिता रहेको छ । काठमाडौंमा चैत ६ गतेदेखि एथ्लेटिक्स प्रतियोगिता हुने र सिन्धुपाल्चोकमा चैत ७ गतेबाट कराते खेल हुने आयोजक प्रदेश खेलकुद विकास परिषद्ले जनाएको छ । काभ्रेमा चैत ७ गतेदेखि महिला फुटबल र ९ गतेदेखि बक्सिङ खेल हुनेछ ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA e-SCOOTERS



GRAND OPENING

Offer रु.१०,०००।- नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स


हेटौंडा-२, चौकीटोल (आठभठेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर

हेटौडा उपमहा नगरपालिका वडा नं. १




सम्पर्क नं.: ९८४५१०३६६३

९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# इन्स्टाग्राम प्रतिबन्धपछि 'रोसग्राम' ल्याउँदै रूस




काठमाडौं - रूस सरकारले केही दिनअघि मात्रै सामाजिक सञ्जाल इन्स्टाग्रामलाई आफ्नो देशमा प्रतिबन्ध लगाएको छ । यसको एक हप्ता नबित्दै रूसका प्रविधि उद्यमीले नयाँ फोटो शेयरिङ एप सार्वजनिक गर्ने घोषणा गरेका छन् ।
रुसमा इन्स्टाग्रामका आठ करोड प्रयोगकर्ता थिए । विशेषगरी त्यहाँका कम्पनी एवं अन्य व्यवसायीले इन्स्टाग्रामबाटै आफ्ना वस्तु तथा सेवाको विज्ञापन तथा प्रवर्दन, बिक्री वितरण गर्नुका साथै ग्राहकसँग सञ्चार गर्दै आएका थिए । इन्स्टाग्राम प्रतिबन्धमा परेपछि त्यसको ठाउँ भर्न रूसका स्थानीय प्रविधि उद्यमीहरूले वैकल्पिक फोटो शेयरिङ एप ल्याउन लागेका हुन् । यो एपको नाम रोसग्राम राखिने भएको छ । रूसी बजारका लागि ल्याउन लागिएको यो एप मार्च २८ मा सार्वजनिक हुनेछ । जानकारीमा आए अनुसार यो एपमा इन्स्टाग्राममा नभएका केही नयाँ फिचर समेत समावेश हुनेछ । यसअघि इन्स्टाग्रामको प्यारेन्ट कम्पनी मेटाले केही देशका फेसबुक र इन्स्टाग्राम प्रयोगकर्तालाई युक्रेनमाथिको आक्रमणको विषयलाई लिएर रुसी सैनिक विरुद्ध हिंसामा उत्रिनका लागि आह्वान गर्न छुट दिने निर्णय गरेसँगै रुसले इन्स्टाग्राममाथि प्रतिबन्ध लगाउने घोषणा गरेको थियो ।साभार:टेकपाना

## अचम्मको संक्रमण: चुम्बनले पनि बिरामी


के तपाई पनि पाइप (स्ट्र) बाट कोक पिउनुहुन्छ, के तपाई एकै चम्चाले आइसक्रिम खानु हुन्छ भने सावधान हुनुहोस् । चुम्बनले फैलिने यो रोगलाई किसिङ डिजिज भनिन्छ । दिल्लीका राजनबाबु इन्सिटीच्यूट अफ पल्मोनरी मेडिसिन एन्ड ट्यूबरकोलोसिसमा मेडिकल अफिसर डा.अनुराग शर्माले किसिङ डिजिजलाई चिकित्सा भाषामा इन्फेक्सियस मोनोन्यूक्लियोसिस वा ग्ल्याड्यूलर फिभर भनिने बताएका छन् ।

शर्माका अनुसार किसिङ डिजिज कयौं भाइरसबाट फैलन्छ । तर ९० प्रतिशत मामिलामा यो बिरामी एपस्टिन भाइरसबाट फैलन्छ । यसको कारण मानिसको ऱ्याल हो । चुम्बनको समयमा एक व्यक्ति अर्को व्यक्तिको सम्पर्कमा आएपछि यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्छ र पूरै शरीरमा फैलन्छ । अमेरिकी संस्था सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनले किसिङ डिजिजलाई ह्यूम्यान हर्पिज-४ पनि भनिने बताएको छ । यो हर्पिज फेमिलीको भाइरस हो । डा.अनुरागकाअनुसार यो बिरामी स्वयं सीमित बिरामी हो । यो सहयोगी उपचारबाट ठिक हुने पनि उनले बताए ।

***कसरी फैलन्छ यो भाइरस ?***

एपस्टीन भाइरसले सामान्यत: युवा र किशोरलाई प्रभावित गर्छ । बच्चा यदि संक्रमित पनि भए भने उनीहरुमा लक्षण कम मात्रै देखिन्छ । तर बुढाहरूमा संक्रमणको आशंका कम हुन्छ । यो भाइरस ब्लड ट्रान्समिसन, यौन सम्पर्क, खोकी र हाच्छिउँ गर्दा फैलन्छ ।

***यसबाट जोगिने कसरी ?***



किसिङ डिजीजको कुनै विशेष उपचार छैन । यो एक भाइरल रोग हो, यसमा एन्टीबायोटिकले काम गर्दैन । यसैले बिरामीको उपचार सहयोगी उपचार हुनसक्छ । सामान्य रुपमा १ महिनामा यो बिरामीको सबै लक्षण जान्छ । डा.अनुरागले यो बिरामीबाट बच्नका लागि कुनै खोप नभएको बताएका छन् । त्यसैले निम्न तरिका अपनाएर यो रोगबाट बच्न सकिन्छ ।

-भाइरस शरीरमा प्रवेश भएपछि १ हप्तासम्म थकान, शरीरमा दुखाई र घाटीमा दुखाइका साथै ज्वरोको लक्षण देखिन्छ । घाटीमा दुखाई भएको समयमा कम बोल्नु । मनतातो पानीले कुला गर्नु
-मुख र अन्य सरसफाइमा ध्यान राख्नु
-परिवारका अन्य कसैलाई पनि जुठो भाडा प्रयोग गर्न नदिनु
-अन्य कसैको ग्लास प्रयोग नगर्नुस्
- अर्को व्यक्तिसँग खाना र ड्रिंक शेयर नगर्नुस्

साभार:रातोपाटी

# घरमा कसरी बाह्रैमास ढकमक्क फूलहरु फूलाउने ?

बिहान उठ्नसाथ ढकमक्क फूलहरु फुलेको देख्दा कस्तो हुँदो हो ? आफुले धेरै समय विताउने घर-आँगनमा रंगबिरंगी फूलहरु हावामा बयेली खेलिरहेको दृश्य कति मनमोहक हुँदो हो ? फूलहरुमा भँमरा वा पुतलीहरु खेलिरहेको देख्दा कति रमाइलो हुँदो हो ? वास्तवमा फूलको सौन्दर्यले हामीलाई मोहित तुल्याउँछ । तनाव भुलाइदिन्छ । मनमा सकारात्मक उर्जा पैदा गरिदिन्छ । ढकमक्क फुलेका फूलहरुको सौन्दर्यले हामीमा खुसी संचार गराइदिन्छ । एक हिसाबले भन्ने हो यो प्राकृतिक उपचार पनि हो । आफु बसेको स्थानमा फूल रोप्नु, फुलाउनेको फाइदा यतिमा मात्र पनि सीमित छैन ।फूलको सौन्दर्यले मनलाई आनन्दित तुल्याउँछ । खुसी ल्याउँछ । तनाव कम गर्छ । फूल रोपेपछि रेखदेख, गोडमेल, सिंचाई गर्नुपर्छ । यसले शरीरलाई सक्रिय बनाउँछ । फूल रोप्ने, स्यहार्ने क्रममा शरीर चलायमान हुन्छ । शरीरको व्यायाम हुन्छ ।फूल रोप्ने, फूलाउने कुराले हामीमा उत्साह ल्याउँछ । उत्साहले जीवनलाई उर्जावान् बनाउँछ । मन बहलाउने बाहना हुन्छ । दिक्क लागेको बेला, काममा मन नगएको बेला, मनमा अनेक कुरा खेलिरहेको बेला फूलहरु स्यहार-सुसार गरेर मनलाई शान्त तुल्याउन सकिन्छ । फूल ढकमक्क फुलेको छ भने आगन्तुकहरु रमाउँछन् । आफ्नै बालबच्चाले पनि रमाइलो मान्छन् । फूलबारी बनाएपछि सरसफाईमा ध्यान दिइन्छ । घर आसपासको क्षेत्र सफा हुन्छ । वातावरण स्वच्छ हुन्छ । भान्साबाट निस्कने जैविक फोहोर-मैलालाई व्यवस्थापन गर्न सजिलो हुन्छ । त्यस्ता फोहोर-मैलालाई प्लाष्टिकको भाँडो वा खाल्डोमा कुहाएर फूलको लागि मल बनाउन सकिन्छ । हामीलाई पूजापाठ, बिहेकार्जे जतिबेला पनि फूलको आवश्यक पर्छ । त्यस्तो अवस्थामा फूलको अभाव झेल्नुपर्दैन ।

कहाँ रोप्ने ? गाउँमा फूलबारी बनाउने पर्याप्त ठाउँ हुन्छ । त्यसैले ग्रामिण भेगमा फूल रोप्नु, फूलबारी बनाउनु समस्या हुँदैन । मनग्ये ठाउँमा फूलबारी बनाउँन सकिन्छ । फूलबारी बनाएपछि मौरीको घार पनि राख्न सकिन्छ । फूलबारी मौरीको लागि राम्रो चरन बन्छ ।शहरी क्षेत्रमा कतिपयले घर निर्माण गर्दा बगैंचाको पनि ठाउँ छुट्याएर राखेका हुन्छन् । यदि बगैंचा नभएपनि बार्दली, कौसी, छत जहाँ पनि फूल रोप्न सकिन्छ । फूल रोप्न, फुलाउनका लागि आफ्नै घर हुनुपर्छ भन्ने छैन । डेरामा बसिएको छ भने पनि आफुलाई अनुकुल हुने स्थानमा फूल रोप्न सकिन्छ ।झ्यालको आसपास, कौसी वा घरभित्रकै खुला स्थानमा पनि फूल रोप्न सकिन्छ । यद्यपी घरभित्र रोपिने फूलको प्रकृति अलि फरक हुन्छ । साथै त्यस्ता फूललाई बढी स्यहार पनि गर्नुपर्छ ।फूल रोप्नका लागि वार्दली, कौसी एवं छतको अभाव भएमा ह्यागिङ प्लान्टहरु रोप्न सकिन्छ ।

# साहित्य

## मागसहित गुनासो



**सविता पोखेल**

सरकार! मैले तिम्लाई बोलाएँ
तर तिमी टोलायौ
केही भन्न खोज्दै थिएँ
न त तिमीले भेउ पायौ ।

परिस्थिति विचारी
बोलाउनु पर्दथ्यो
गल्ती मेरो पनि हो
लौ ! जे हुनु भैगयो ।

अब निकै समय
बितिसके तापनि
भन्छु, मन पखाल्छु
तिम्ले नसुन्ने भनी ।

धेरै काल अघिको
कुरा हैन सरकार
आजकै भावतर!
मनमा आउँछ बारम्बार

भन्दा रैछन् सबैले
मलाई केटी मानव
मन फाट्छ मेरो नि
देख्छु अज्ञानता जब

कस्तोविघ्न बाध्यता
भई जन्मिएकी म
थाछ तिम्लाई सरकार ?
कथा अन्त्य, आदीम

रट्ठपठ्ठ व्यवहारिक
हुन कहिले जानिनँ
यो युगको आधुनिक
कर्म उत्तम ठानिनँ

अन्तरयुद्ध विचारको
गरेँ सुरु आफैंले ।

वाह ! पुत्र क्या ! गजब
व्रतबन्ध गरेका
छुन हुन्न तिनलाई
ती अमृतले भरेका

भन्दाभन्दै मैले यो
तिम्रो कान खुलेमा
हे सरकार, एउटा माग
राख्छु म, नभुलेमा।

सयौं थुङ्गा फूलमा
एउटा फूलको पत्र हुँ
म धेरै केही नभई
एक व्यक्ति मात्र हुँ।

प्रत्येक महिनाका केही दिन
म अछुतो हुनेछु
अव्यक्त एक पीडाले
आँसु झार्दै रुनेछु ।

मैले छोए त्यो बेला
पानी पनि चल्दैन
मेरो हातले त्यस बखत
दियो बत्ती बल्दैन ।

ज्यादै निन्दा गरेझैं
भान पर्छ सरकार !
नबुझेरै हो तर
अस्पष्ट म बारम्बार

किन यस्तो चलन ?
प्रश्न मात्रै गुञ्जन्छ
उत्तर त्यसको सदैव
रहस्यमै रहन्छ।

सायद मैले भन्नुमा
केही अनुराग छ
हो, सरकार तिमीसँग
मेरो एउटा माग छ

कि त संस्कार बुझाइदेऊ
कि त अस्थायी अछुत
घोषित मलाई गराइदेऊ
यत्ति माग छ मसित।

*(सेतोपाटी)*

## वसन्त आइन्



**डा.गणेशकुमार पौडेल**

ऋतुकी रानी वसन्त आइन सृङ्गार रस बनी
बीजरुपबाट अङ्कुराइकन बेउली ती बनी

भक्तिको धारा रुपमा आइन् घुम्टो त्यो हालेर
हेर्नैछन् अब फुलेरै गुराँस मुसुक्क हाँसेर

उनैलाई देखी मेची काली प्रभावित होलान् कि
रगतको साटो माया र प्रेमका भलै पी बग्लान कि

दारुण यात्रा कोलाहल सबै समाप्त हुनेछ
सिउरमा सिम्रिक दलेर लौ अब नाच्नेछ

पशु र पच्छी बगैंचा खोजी एकावद्ध हुने छन्
चम्पा र बेली ,चाँप चमेली ढकमक्क फुल्ने छन्

## कस्तो कुरा गर्दै छे यो केटी

*✍पम्फा थापामगर*

साह्रै सोझी घरकी जेठी
कस्तो कुरा गर्दै छे यो केटी

तिम्ले कुरा गरेको के को
जेठी भन्छौ तीन वटा पछिको
पिरती राम्ररी लाइयाछ
जति लेख्या त्यति ने पाइया छ

जति भेट्यौ त्यहिँ हान्छौ गोला
आखिरिमा पाटीको बास होला
आकाशमा तारा र जुन छ
थाहा छ मलाई त्यो बेला के हुन्छ

कोहिलाई पाखा कोही राख्यौ पाखामा
भिड्न थाल्यौ कालीको आँखामा
आज होइन तिमीलाई ताक्या
सेक्सी आँखा देखेर लोभ लाग्या

तिम्ले आँखा लाएछौ लाउनलाई
गाह्रै पर्ला दुलालनी पाउनलाई
मैले गाउँदा लामो सास फेर्छौ त ?
धादिङे हो सिङ जोडी हेर्छौ त ?

# महिनावारीको पीडा

काठमाडौं एक त्यस्तो सहर हो, जहाँ हुनेखानेहरूले सुखको जीवन भोग गर्दछन् । अनि केही नभएकाहरूलाई यहाँ बन्ने अवसर पाइन्छ । अवसरहरू आँखै अगाडि मेसिन बन्ने अवसर छ यहाँ । दोस्रो नम्बरमा चिहान बन्ने अवसर छ यहाँ । योभन्दा सजिलो अवसर अक्सर विलासको जीवन जिउने छ यहाँ ।

महाराजगन्जको देवीमार्गस्थित ओरालो बाटोको छेउमा तीनतले घरको अँध्यारो कोठमा थियो बास । माघ महिना चलेको थियो । स्वस्थानी व्रतको समय । अलिक चिसो । सिरकबाट बाहिर आएँ । आँखा खोलेँ । भित्ताको घडीमा हेरेँ । बिहानको ७:३५ भैसकेछ । हतार-हतार गर्न थालेँ । तातो पानीले दाह्री मिलाएँ । सरकारी कर्मचारी कार्यालय जाँदा चिटिक्क परेर त जानै पऱ्यो ।

प्रेसरकुकरमा भात बिसालेँ । कराईमा गहतको दाल बनाएँ । मेरो भाषामा भनुँ ? तिहून बनाएँ । दुई पात हरिया साग भुटेँ । यस्तै हो मेरो सदाको खाना । जागिरको नाम सरकारी कर्मचारीमा छु । मिठो मसिनो के हुन्छ ? त्यसको खासै स्वाद आउँदैन किनकि मिठो-मसिनोको स्वाद हेर्न थाले भने तलबी खाताको स्वाद हराउँछ । तलबी खाताको स्वाद हराए काठमाडौंमा बसेर खान जटिल छ ।

हतार-हतार खाना खाएँ । हातमा पुस्तक थियो- सरल गौतमको आख्यान 'डुमेरो'। मैले डुमेरो पढ्न सुरु गरेको त्यही दिन हो । लामो होस् या छोटो होस् जस्तोसुकै यात्रामा पनि म पुस्तक पढ्ने गर्छु । डुमेरो पढ्दै थिएँ कोठा अगाडिको चोकमा उभिएर । नेपाल यातायात बस आयो, पुस्तकको पेज न. ३ मा दाहिने हातको माझी औंला राखेर बसमा चढेँ ।

हुलमुल थियो बसमा । मान्छेहरू उभिएर यात्रा गर्दै थिए। बसभित्र गएर यताउती हेरेँ । बसको अन्तिम सिट खाली थियो । म अन्तिम सिटमा गएर बसेँ । पुस्तक पढ्न सुरु गरेँ । अलिक स्वर बाहिर सुनिएको थियो मेरो । बस बिस्तारै गुड्दै थियो ।

मैले पुस्तकबाट आँखा अगाडि तिर लगेँ । बसको अन्तिमबाट दोस्रो सिटमा बसेकी एक अज्ञात महिला यात्रु उठिन् र चल्दै गरेको गाडीमा अगाडि पाइला सारिन् । उनको ठ्याक्कै पछाडिको सिटमा बसेको भएकाले मेरो नजर उनमा पर्यो । उनले हरियो रङ्गको कुर्ता र सेतो सुरुवाल लगाएकी थिइन् । उनी आकर्षक देखिन्थिन् । म हेरेको हेऱ्यै थिएँ ।

तर, अचानक मेरो नजर उनको सुरुवालमा पुग्यो । सेतो सुरुवालको पछाडिको भागमा खै के पो हो दाग लागेको थियो । सुरुमा त सोचेँ, उनी कुनै फोहोर ठाउँमा बसेकी होलिन् र त्यसैले फोहोरको दाग होला । हामी कुनै ठाउँमा हेरीरहेको बेला कुनै नयाँ कुरा देख्यौ भने हाम्रो ध्यान त्यहींतर्फ जान्छ । मेरो ध्यान त्यतातिर खिचिनु स्वभाविक हो । मैले अझै राम्रोसँग हेर्ने प्रयास गरेँ तर, केही देखिनँ ।

गाडीमा उभिएर यात्रा गरिरहेको एक पुरुष ती महिला उठेको सिटमा आइपुगे । ती अज्ञात पुरुष जोरले बोले । उनको ओठबाट छुटेको शब्द यस्तो थियो- 'छि: छि: कस्तो ब्लड, यो त्यही केटीको हुनुपर्छ ।'

यो कुरा सुन्नेबित्तिकै भर्खर सिटबाट उठेकी ती स्त्रुीले पछाडि फर्केर आफ्नो सुरवाल तिर हेरिन् र आँखाबाट आँसु खसालिन् । उनको अनुहारभरि पसिना भयो । सलले अनुहार छोपिन् र बसबाट झरिन् ।

म मनमा अनेक कुरा खेलाउँदै बसमा बसिरहेको थिएँ । परिचालकले बोल्यो 'न्यू-प्लाजा' मेरो झर्ने ठाउँ आएछ । म हतार-हतार गरेर गाडीबाट ओर्लिएँ, हातमा उही पुस्तक थियो 'डुमेरो' जुन अलिकति पढेको पनि थिएँ । पुस्तकभन्दा मेरो ध्यान र मस्तिष्कले गाडीमा भेटिएकी ती स्त्रीलाई सम्झिरहेको थियो ।

उसो त मेरो घरमा पनि बहिनी छे । ऊ महिनावारी भएको बेला मेरोसामुसमेत उपस्थित हुँदिन । खै कुन्नी किन पो हो महिनावारीको समयमा चार दिनसम्म म खासै राम्रोसँग बहिनीको अनुहार देख्न पाउदिनँ । आमाबाट सुनेको छु, महिनावारी हुँदा बहिनीको पेट असाध्यै दुख्छ, ऊ चिच्याएर रुन्छे रे ।

वर्षमा एकपटक घर पुग्छु । पोहोर साल घर जाँदा म घर गएकै दोस्रो दिन बहिनी महिनावारी भइछे । त्यो साल दुई वर्षपछि घर गएको थिएँ । लामो गाडीको यात्रामा थाकेकाले मैले त्यो दिन बहिनीसँग राम्रोसँग कुरा गर्न पाएको थिइनँ । दोस्रो दिनदेखि उनी कोठाबाट बाहिर निस्किनन् ।

उनको कोठाबाट मसिनो स्वरमा फरकै किसिमको आवाज आएको थियो। सायद त्यो उनको असह्य पीडाको दु:खाइका कारण रोएको आवाज हुनुपर्छ भन्ने अनुमान लगाएँ र मैले आमालाई सोधेँ- 'बहिनीको कोठाबाट आवाज आइरहेको छ नि, रोएको जस्तो किन हो ?'

आमाले भन्नुभयो, 'उसलाई महिनावारी भएको छ, आजै भएको हो । यो बेलामा उसको पेट असाध्यै दुख्छ ।' म टाउँको हल्लाएर बाहिर निस्केको थिएँ ।

घरमा पुगेको तेस्रो दिनको कुरा । बिहानै फोन आयो । मैले फोन उठाएँ । उताबाट आवाज आयो, 'नमस्कार कविज्यू, तपाईंको कविता सुन्ने औधी रहर थियो योपटक मौका पाउने भए । तपाईंको 'पैसाको खेती' कविता सुनाउनूस् है ?'

मैले हस् भनेँ, तर फेरि प्रश्न गरिहालेँ, 'कविता सुनाउने चाहिँ कहाँ हो मैले ? भर्खर धनगढीमा कविता सुनाएर आएको हुँ । हिजो मात्र म घर पुगेको छु ।'

उताबाट आवाज आयो, राष्ट्रिय नाचघरमा सामूहिक रचना वाचन हुने भनेर ब्यानर आएको छ । ब्यानरमा ८ जनाको फोटो छ, कवितामा तपाईंको मात्र । कार्यक्रम एक हफ्तापछि छ ।'

यति सुनेको थिएँ फोन काटियो । अँ, एक हप्ताअगाडि आयोजकसँग कुरा भएको थियो तर, कार्यक्रमको मिति तय भएको थिएन । म काठमाडौं फर्किनुपर्ने अवस्था आयो । भोलिपल्टै घरबाट काठमाडौं फर्किएँ । दुई वर्षपछि घर जाँदा मैले बहिनीसँग कुनै कुरा गर्न पाइनँ, यतिसम्म कि म घरबाट फर्केको दिन उनलाई महिनावारी भएको तीन दिन भएको थियो। म घरबाट फर्किंदा उनी भेट्नसमेत आइनन्।

घरबाट काठमाडौं फर्किएँ तर, मलिन अनुहार लिएर । एक महिनावारीका कारण वर्षौंपछि भेटेकी बहिनीलाई घर छोड्ने बेलामा राम्रोसँग बस्नु पनि भन्न पाइएन । साँच्चीकै यो महिनावारी वरदान हो कि अभिशाप ?

मेरो मनमा त त्यति धेरै नरमाइलो लागेको थियो । बहिनीको मनमा कति नरमाइलो लाग्यो होला ? अनि दाजुभाइ, दिदी-बहिनीमा दाजुभाइले गर्नेभन्दा दिदीबहिनीले दाजुभाइलाई गर्ने प्रेम र माया निकै बढी हुने मैले महसुस गरेको छु ।

काठमाडौं फर्किएपछि राष्ट्रिय नाचघर जमलमा कविता सुनाएको थिएँ । कविता सुनाउँदै गर्दा 'आज' शीर्षकको कविता सुनाएँ जुन कवितामा आमाको वर्णन छ । त्यो कविता सुनाउँदा सुन्नेहरूमा केही मान्छेहरू रोइरहेका थिए खै कुन्नी' किन पो ? कविता सुनाउँदा रुनेहरू दिदीबहिनी थिए । आफ्नै दिदीबहिनी नभए पनि जो-जोसँग मेरो दिदी-बहिनीको नाता सम्बन्ध रहेको थियो उनीहरू रोएको देखेर मेरा आँखासमेत आँसु झरेका थिए ।

अब त्यही दिनको कुरामा लागौँ । न्यू-प्लाजामा बसबाट झरेर म कार्यालयतर्फ लागेँ । मेरो कार्यालय सिंहदरबारको पश्चिमपट्टि अर्थात् रामशाह पथ । म कार्यालयमा पुगेँ । कार्यालयमा पुग्दासमेत मेरो मन र मस्तिष्क दुवैमा बसमा भेटिएकी ती युवतीको बारेमा अनेकन कुराहरू मनमा खेलिरहेका थिए ।

कार्यालयमा काम गर्दै थिएँ। कार्यालयभित्र कहीं कतै केटाकेटी रोएकोजस्तो आवाज सुनिरहेको थियो । मैले के-को कस्तो आवाज हो ठम्याउन सकिनँ । यताउति हेरेँ कोही देखिनँ । बाहिर आएँ र बाहिरतर्फको कोठामा हेर्न ढोकामा पुगेँ । भित्र कोही रोइरहेको थियो। अज्ञात मान्छे । जो जोर-जोरले चिच्याइरहेकी थिइन् । मैले ढोका खोलेँ । आफैलाई साह्रै नराम्रो लाग्यो किनकि त्यो कोठाभरि महिलाहरू मात्र थिए । *(सेतोपाटीबाट साभार)*

# पर्यटन क्षेत्रको पुनरुत्थानका लागि ‘मास्टर प्लान’ बनाउँदै सरकार



काठमाडौँ, (रासस) / कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिम अघि काठमाडौँको ठमेलमा पर्यटकको भीडभाड देखिन्थ्यो । अन्नपूर्ण क्षेत्रमा पाइलो हाल्ने ठाउँसमेत हुन्न थियो । काठमाडौँबाट सोलुखुम्बु उडान भर्ने वायुसेवा प्रदायकले नेपाली नागरिकलाई बोक्ने ठाउँ नै हुँदैन थियो ।

पोखरा जाँदा उस्तै, सौराहमा त्यस्तै, कोही ठाकुरद्वारा पुग्थे भने कोही जनकपुरको जानकी मन्दिर पुगेर आर्शिवाद मागिरहेका पर्यटक भेटिन्थे । वसन्तपुर, पाटन र भक्तपुर दरबार क्षेत्रमा पुग्ने विदेशी नागरिकले नेपालको मौलिक कलाको प्रशंसामा अनेकन शब्द खर्च गर्थे । आँखै अगाडि सेतो हिमाल देखेर पुलकित हुन्थे र नेपाली कति भाग्यमानी है भनेर आफ्ना साथीसङ्गीलाई निम्ता दिने वाचा गरेर फर्कन्थे ।

होटल, रेष्टुरा र घर बास (होमस्टे) जताततै पुग्ने पर्यटकले नेपालको आर्थिक समृद्धिमा पनि ठूलो योगदान गरेका थिए । तर चैतको खरमा आगो लागे जस्तै एकाएक आएको कोरोनाले धेरैले जीवन तहसनहस बनाइदियो । अर्थतन्त्रको खम्बा नराम्ररी हल्लाइदियो । नेपाल राष्ट्र बैंकको पछिल्लो सात महिनाको विवरणानुसार विदेशी विनिमय सञ्चिती चालू आवमा मात्रै १७ प्रतिशतले ओरालो लाग्यो । झण्डै दुई वर्षसम्म कोरोनाले थिलथिलो बनाएको सेवा क्षेत्रमा परेको प्रभावले झण्डै सात लाख मानिस बेरोजगार भएको विवरण छ ।

नेपालको पर्यटन तथा त्यसक्षेत्रसँग जोडिएको क्षेत्रमा मात्रै प्रत्यक्षरुपमा रु १० लाख मानिसले रोजगारी पाएका थिए । अप्रत्यक्षरुपमा ३० लाख मानिस यस क्षेत्रमा जोडिएका थिए । कृषि क्षेत्रमा लागेकादेखि यातायात व्यवसायी र वायुसेवा प्रदायकलेसमेत राम्रै रोजगारी पाएका थिए । विसं २०७२ को ‘गोरखा भूकम्प’, भारतको अघोषित नाकाबन्दीलगायतका कारणले समस्यामा परेको पर्यटन क्षेत्रमा एक प्रकारको उभार देखिन थालेको थियो । होटल क्षेत्रमा लगानी बढ्न थालेको थियो । भैरहवा विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थललगायतको भौतिक पूर्वाधारको क्षेत्रमा भएको विकासले नेपाल पर्यटनमैत्री बन्दै गरेको सन्देश विश्वव्यापीरुपमा गएको थियो ।

सरकारले पनि सन् २०२० मा मात्रै २० लाख पर्यटक भित्र्याउने महत्वकाङ्क्षी कार्यक्रम अगाडि सारेर मुलुकको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान बढाउने लक्ष्य राखेको थियो । विप्रेषणमा मात्रै भरपर्ने नेपालको अर्थतन्त्रलाई क्रमश:पर्यटन क्षेत्रले विस्थापन गर्ने र खाडीको तातो घाममा पुगेका नेपालीलाई स्वदेश फर्काउने योजनाले मूर्त रुप पाउनेवाला थियो । आम मानिसमा एकप्रकारको उत्साह थियो । देशभित्रै केही हुँदैछ भन्ने आत्मविश्वास बढ्दै गएको थियो । लगानीकर्ताले सेवा क्षेत्रमा लगानी विस्तार गरिरहेका थिए । कोरोना कहरमै तारे होटलमा भित्रिएको रु १० अर्ब बढीको लगानी त्यसैको द्योतक थियो । तर अदृश्य जिवाणुले ल्याएको कहरले तासको घर जस्तै सबै सपना क्षणभरमै धारासायी बनाइदियो । धेरैलाई घर न घाटको अवस्थामा पुर्‍याइदियो । काठमाडौँको ठमेलमा व्यवसाय गरिरहेका सटर बन्द गरेर भाग्नुपर्ने अवस्था आयो ।

यो त, कहरको समयको कुरा रह्यो । अब के त ? कसरी अगाडि बढ्ने ? यसै प्रश्नको सेरोफेरोमा आगामी दिनमा यसलाई कसरी पुन:जीवित गर्ने र पर्यटन क्षेत्रबाट पलायन भएका सात लाख बढी मानिसलाई कसरी पेशामा फर्काउने भन्ने प्रश्नबाट उत्तर खोज्नु आवश्यक छ । विदेशी मुद्राको भण्डार घट्दै जाँदा अर्थतन्त्रमा परेको चापले पनि सरकारको टाउको दुखाइ बढ्दै गएको छ । व्यवसायीमा बढ्दै गएको निरासाको सम्बोधन गर्नु पनि उत्तिकै जरुरी देखिएको छ । तारे होटल सुनसान बन्दा सायद कोही कसैको मन रमाउँदैन होला । ती होटलमा काम गर्ने मजदुरले पारिश्रमिक नपाउँदा तिनका बालबच्चाले के खाए होलान् भन्ने प्रश्न पनि उत्तिकै छ । पर्यटकीय क्षेत्रमा पसल तथा कबल सञ्चालन गर्ने साना व्यवसायीदेखि ठूला व्यापारीसम्मको पीडा एउटै छ । सानाको अलिक सानो होला, ठूलाको पनि उस्तै छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन(सार्क) को एक सदस्य श्रीलङ्कामा पनि कोरोनाले पर्यटकको आवागमन नहुँदा अर्थतन्त्रमा चाप परेको छ । जताततै गुल्जार हुने पर्यटकीय क्षेत्रमा जीवन हराए जस्तो, आशा हराए जस्तो हुनु आफैँमा दु:खद् पाटो बन्न पुगेको छ । अभावले नै मानिसलाई नयाँ सिर्जनाका लागि अभिप्रेरित गर्छ । किनकी, अभाव नै आविस्कारको जननी हो भनेर त्यसै भनिएको छैन । वर्तमान सरकार गठन भएपछि खोप, खोप अनि खोपलाई पहिलो प्राथमिकता दिइयो । त्यसबाट व्यवसायीमा एक प्रकारको आत्मविश्वास पैदा भयो ।

नेपालको संविधान, १५औँ आवधिक योजना र बजेटले मार्गदर्शन गरेबमोजिम नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाको पहिचान संरक्षण एवं प्रचारप्रसार गर्ने उद्देश्य राखेर सरकार क्रियाशील छ । पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधार रुपमा पर्यावरण अनुकूल अगाडि बढाउने र समन्यायिक व्यावसायिक लाभको वितरण सरोकारवाला सबैलाई समेटेर अगाडि बढाइएको छ । कोरोनाका कारण सङ्कटमा परेको पर्यटन उद्योगको पुनरुत्थान गर्दै नयाँ सम्भावनाको खोजी, पहिचान तथा प्रवर्द्धन गर्नका लागि यस क्षेत्रमा लगानीको उपयुक्त वातावरण तयार गरी स्वरोजगारी सिर्जना गर्दै अर्थतन्त्रमा योगदान गर्ने लक्ष्यका साथ पर्यटन क्षेत्र पुनरुत्थान निर्देशक समिति गठन गरिएको छ ।

केही समयअघि गठित समितिको अध्यक्षमा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले भन्छन् । सो समितिमा पर्यटन समिति, पर्यटन विभागका महानिर्देशक, परराष्ट्र मन्त्रालयका सहसचिव, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृतलगायत निजी क्षेत्रका सङ्घसंस्थाका प्रतिनिधिसहित १९ सदस्य छन् । सो समिति मातहत रहनेगरी पर्यटन क्षेत्र पुनरुत्थान प्राविधिक समिति गठन गरिएको छ । समितिले काम सुरु गरिसकेको छ । समितिको संयोजकमा भिजिट नेपाल, १९९८ लाई सफल बनाउन लागि पर्नुभएका पर्यटन विज्ञ राजाराम गिरी संयोजक हुनुहहुन्छ । दुई दशकभन्दा बढी समय बेलायतमा रहेर नेपालको पर्यटन प्रवर्द्धन, प्रचार तथा प्रसारमा संलग्न रहनुभएका गिरी करिब कोमामा पुगेको पर्यटन उद्योगलाई पूर्ववत् अवस्थामा नै फर्काएर छाडिने दृढता व्यक्त गर्नुहुन्छ । मन्त्री आले अध्यक्ष रहनुभएको समितिको कार्यदिशमा विशेष गरी चार वटा विषयलाई प्राथमिकता दिइएको छ । त्यसमा पर्यटन पुनरुत्थान र प्रवर्द्धनका सम्बन्धमा नीतिगत सुझाव प्रदान गर्ने, पर्यटन क्षेत्रको पुनउत्थानका लागि अन्तरनिकाय तथा अन्तर क्षेत्र समन्वय गर्ने, राष्ट्रिय गौरवका आयोजनाको यथाशीघ्र कार्यान्वयनका विषयमा सुझाव तथा समन्वय गर्ने, पुनरुत्थान प्राविधिक समितिलाई आवश्यक निर्देशक दिने विषयमा समेटिएको छ ।

प्राविधिक समितिका विभिन्न सात कार्यदिश तोकिएको संयोजक गिरीले जानकारी दिए । पर्यटन क्षेत्रसँग सम्बन्धित सङ्घसंस्था, पर्यटन व्यवसायीलगायत यस क्षेत्रसँग संलग्न व्यक्तिको उपस्थितिमा एक वृहत् अन्तर्क्रिया गर्ने कार्यदिश पाएको छ । विभिन्न क्षत्रेमा गर्नुपर्ने कार्यको अध्ययन गरी कार्यक्रम तयार पार्ने, काठमाडौँ उपत्यकाभित्रका विश्वसम्पदा सूचीभित्रका पर्यटकीयस्थलमा घुम्नका लागि हेरिटेज बस सञ्चालन गरी एउटै टिकटमार्फत सम्पूर्ण सम्पदाको अवलोकन गर्न सक्नेगरी एउटा प्याकेज तयार पारिनेछ ।

नेपाल एयरलाइन्सका हाल कायम रहेका अन्तर्राष्ट्रिय उडान व्यवस्थित गर्दै अन्य राष्ट्रमा समेत विस्तार गर्ने, निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई यथाशीघ्र निर्माण गर्ने, सातवटै प्रदेशमा पर्यटन क्षेत्रसँग सम्बन्धित शैक्षिक कार्यक्रम, सीप मुलुक, तालिम प्रदान गरी जनशक्ति उत्पादन गर्न पर्यटकीय विश्वविद्यालय सञ्चालन गर्न योजना तयार गर्ने, नेपालको पर्यटनसम्बन्धी समयसमयमा आइपर्ने विभिन्न समस्या समाधान गर्न आवश्यक गर्न आवश्यक कार्य गर्नेछ ।पर्यटन क्षेत्र पुन:चलायमान बन्द हाल पलायन भएका जनशक्तिलाई फिर्ता ल्याउन र नयाँ जनशक्ति भर्नाका लागि पनि तालिमको आवश्यक रहेको संयोजक गिरीको भनाइ छ । “पर्यटन क्षेत्र बन्द हुँदा त्यसको बहुआयामिक प्रभाव परेको छ । घरेलु बजार आन्तरिक पर्यटनले सामान्यरुपमा धाने पनि त्यसले ठूलो प्रभाव पारेको छैन । यसमा सुधारका लागि सरकार नै लाग्नुपर्छ भन्ने ध्येयका साथ हामीले काम गरिरहेका छौँ”, गिरीले भन्नुभयो । सरकारले समिति गठन गरेपनि यो निजी क्षेत्रको समन्वय र सहकार्यका काम गर्न लागिएको उनको भनाइ छ ।

# नायक शाहबिरुद्ध तेस्रो पटक म्याद थप



नाबालिगलाई जबर्जस्ती करणी गरेको अभियोगमा थुनामा परेका नायक पल शाहविरुद्ध तनहुँ अदालतले तेस्रो पटक म्याद थप गरिएको छ । शाहविरुद्ध आज तनहुँ अदालतबाट पाँच दिनको म्याद थप भएको हो ।

शाहविरुद्ध अनुसन्धान नसकिएकाले म्याद थप गरिएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिए । शाहविरुद्ध गत फागुन १५ गते पहिलो पटक सात दिन र २१ गते १२ दिनको म्याद थप गरिएको थियो ।

नवलपुरमा पनि जाहेरी परेपछि उनलाई नवलपुर लगेर अनुसन्धान गरिएको थियो । नवलपुर अदालतमा शाहविरुद्ध मुद्दा दर्ता भइसकेको छ । सरकारी वकिलको कार्यालयले उनीविरुद्ध सबै प्रमाण जुटाएर अदालतमा मुद्दा दायर गरेको छ । यस्तै अनुसन्धानका लागि पक्राउ परेका शाहका व्यवस्थापक कृष्ण जोशीविरुद्ध पनि पाँच दिनको म्याद थप गरिएको छ ।(रासस)

# माडीमा आगलागी हुँदा ६० लाखको क्षति



चितवन, (रासस) / चितवनको माडी नगरपालिका-४ खैरहनीमा आगलागी हुँदा रु ६० लाख बराबरको क्षति भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार स्थानीय माधव लामिछानेको धन्सारमा आगलागी भएको थियो ।

कार्यालयका प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीका अनुसार आगलागीबाट धन्सारमा रहेको ७० क्विन्टल धान, पाँच क्विन्टल तोरी, दुई क्विन्टल गहुँ, ३५ क्विन्टल (७० बोरा) कुखुराको दाना, फ्रिज एक थान, टिभी एक थान, डिजिटल मेसिन एक थान, सोलार प्यानल तीन थान, ब्याट्री तीन थान, इन्भर्टर एक थान, ग्रिज, मोबिल, गियर आयल, हाइड्रोलिक पाइप, ड्रम तथा अन्य भाँडावर्तन जलेर नष्ट भएको छ । यस्तै फार्ममा रहेको तयारी कुखुरा एक हजार २०० तथा झण्डै एक हजार चल्ला नष्ट भएको उनले जानकारी दिए ।

बिहान ४:३० बजे आगलागी भएको हो । स्थानीयवासी र प्रहरीले आगो निभाएका थिए । आगलागीको कारण भने खुल्न सकेको छैन । घर धनी लामिछानेले भने, नगरपालिकाको दमकल ढिलो आइपुगेको र पानी समेत न्यून र हेको कारण आगलागी समयमा नियन्त्रण लिन नसकेको दुखेसो गरे।

# श्रीमान्‌को कुटाइबाट श्रीमतीको मृत्य



बनियानी (रासस) / झापाको बिर्तामोड नगरपालिकामा श्रीमान्‌को कुटपिटबाट श्रीमतीको मृत्यु भएको छ । बिर्तामोड-५ का ४० वर्षीय कमल राउतले कुटपिट गर्दा ३९ वर्षीया खेमजुङ गुरुङको मृत्यु भएको हो । गए राति राउतले घरायसी विवाद हुँदा खेमजुङलाई कुटपिट गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

श्रीमान्‌को कुटाइबाट गम्भीर घाइते उनको बिर्तामोडस्थित कनकाई अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल लगिएको थियो ।नोबेल अस्पतालमा पनि उपचार हुन नसकेपछि आफन्तले बिर्तामोडस्थित माइती घर ल्याएकामा गए राति मृत्यु भएको हो । घटनाबारे इलाका प्रहरी कार्यालय अनारमनीले अनुसन्धान अघि बढाएको छ ।

# आर्ग्यनिक तरकारी खेतीमा आकर्षित हुँदै किसान

भोजपुर, (रासस) / जिल्लाका किसान अर्ग्यानिक तरकारी उत्पादनमा लागेका छन् । मानव स्वास्थ्यलाई ध्यानमा राख्दै विषादीरहित तरकारी उत्पादन गर्ने उद्देश्यले उनीहरु तरकारी खेतीमा लागेका हुन् । बजारमा तराईलगायत बाहिरी जिल्लाबाट आउने विषादियुक्त तरकारीको आयात बढेपछि किसानले अर्ग्यानिक तरकारी उत्पादनमा जोड दिएका छन् । स्याउला तथा गाई-गोरुको मलमूत्रबाट तयार गरिएको कम्पोस्ट मलको प्रयोग गरी मौसमी तथा बेमौसमी तरकारी लगाउन उत्पादन गर्ने लक्ष्य रहेको अरुण गाउँपालिकाका कृषक शान्तिकुमार कार्कीले जानकारी दिए।

कृषि ज्ञान केन्द्रको आर्थिक तथा प्रविधिक सहयोगमा अरुण गाउँपालिकाका २१ परिवारमा अर्ग्यानिक खेती गरिरहेका छन् । उनले भने, “हामीले २१ आधुनिक टनेल निर्माण गरेर अर्ग्यानिक खेती थालेका छौँ । हामीलाई केन्द्रबाट आर्थिक र प्राविधिक सहयोग मिलेको छ । बजारमा देखिएको अर्ग्यानिक तरकारीको मागलाई पूरा गर्ने गरी खेती गरेका छौँ ।”किसानले तरकारीलाई विभिन्न किसिमका रोगबाट बचाउन गाई, गोरु तथा पशुको मूत्रलाई विषादिको रूपमा प्रयोग गर्ने गरेका छन् ।

कम्पोस्ट मल खेतबारीमा हाल्दा उत्पादन पनि राम्रो हुने भएकाले यहाँका किसान पोलिहाउस तथा स्याउला सोत्तर कुहाएर कम्पोस्ट मल तयार पारी तरकारी बारीमा हाल्ने गरेको कृषक उनले बताए ।मानिसको स्वास्थ्यलाई कुनै असर नपार्ने भएकाले आलु, टमाटर, मुलालगायत अन्य तरकारी उत्पादनमा समेत कम्पोस्ट मल प्रयोग गर्न थालेका हुन् । विषादीको प्रयोगले गर्भवती महिला, बालबालिका र अन्यको स्वास्थ्यमा प्रतिकूल असर पार्ने भएपछि उनीहरु अर्ग्यानिक तरकारी खेतीतर्फ उन्मुख भएका हुन् । तरकारीलाई विभिन्न किसिमका रोगबाट बचाउन कृषकले गाईगोरु तथा पशुको मूत्रलाई विषादिका रूपमा प्रयोग गर्छन् ।

उत्पादन बढाउन कम्पोस्ट र प्राङ्गरिक मलको प्रयोग बढी रहेको कृषक बताउँछन् । तरकारी उत्पादनका लागि उपयुक्त हावापानी भएकाले प्राङ्गरिक खेती प्रवर्द्धन अभियान कार्यक्रमअन्तर्गत खेतीको थालनी भएको हो । रु १० लाख लागतमा दुईवटा कलस्टर बनाएर प्याउली र सिमटारमाका कृषक समूहमा परीक्षणको रूपमा थालनी गरिएको ज्ञान केन्द्र भोजपुरले जनाएको छ । रासायनिक मलको प्रयोगले माटोको उत्पादकत्व क्षमता घट्दै गइरहेको र विषादिको प्रयोगले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेकाले अर्ग्यानिक तरकारी उत्पादन गर्ने कार्यालयले लक्ष्य लिएको छ ।केन्द्रका प्रमुख योगेन्द्रप्रसाद यादवले भने, “हामीले किसानलाई आधुनिक कृषि प्रणालीमा जोडिरहेका छौँ । अर्ग्यानिक खेतीलाई प्रवर्द्धन गर्नका लागि जिल्लामा पहिलोपटक कार्यालय र किसानको साझेदारीमा खेतीको थालनी गरेका छौँ ।

# इञ्जिनीयर्स एसोसियसनको केन्द्रीय नेतृत्वमा लोकतान्त्रिक समूह निर्वाचित



काठमाडौँ, (रासस) / नेपाल इञ्जिनीयर्स एसोसियसनको अध्यक्ष पदमा सेन्टर फर डेमोक्रचाटिक इञ्जिनीयर्स नेपालका डा हरिबहादुर दर्लामी निर्वाचित भएका छन्। दर्लामीले तीन हजार ९३० मत प्राप्त गरेको निर्वाचन समितिका सदस्य उमेशकुमार गुप्ताले जानकारी दिए ।

यसैगरी उपाध्यक्ष पदमा पनि लोकतान्त्रिक समूहकै डा नारायणप्रसाद अधिकारी चार हजार २१ मत प्राप्त गरी निर्वाचित भएका छन् । सबै पदमा लोकतान्त्रिक समूह विजयी भएको समितिले जनाएको छ । महासचिव पदमा रविभूषण झाले चार हजार २९८ मत पाएका छन् । उपमहासचिवमा सरोज धितालले तीन हजार ६८३ मत प्राप्त गरेका थिए। कोषाध्यक्ष पदमा दिनेश त्रिपाठीले तीन हजार ६०५ मत प्राप्त गरे । सहकोषाध्यक्ष पदमा दीपक अधिकारी तीन हजार ३४२ मत ल्याई विजयी भएका छन् ।

एसोसियसनको सबै सदस्य पदमा पनि लोकतान्त्रिक समूहकै उम्मेदवार विजयी भएका छन् । मधेस प्रदेशबाहेकका छ प्रदेशको एसोसियसनमा पनि लोकतान्त्रिक समूहको नेतृत्व निर्वाचित भएको छ । मधेस प्रदेशका अध्यक्षमा भने नेशनल इञ्जिनीयर्स एसोसियसन नेपालका गौरी पण्डित अध्यक्ष पदमा निर्वाचित भएका छन् ।

एसोसियसनका निर्वाचित अध्यक्षमा प्रदेश नं १ मा जयनाथ यादव, गण्डकीमा वृजेन्द्र केसी, लुम्बिनीमा शैलेन्द्रकुमार श्रेष्ठ, कर्णालीमा हरि केसी र सुदूर पश्चिममा प्रदीपकुमार पन्त निर्वाचित भएका हुन्। वाग्मती प्रदेशमा पनि लोकतान्त्रिक समूहकै रोहिणी पौडेल निर्वाचित भएकी छन् ।

यसैगरी प्रगतिशील समूहबाट केन्द्रीय अध्यक्षमा डा सुरज लामिछाने नेतृत्वको समूहले प्रतिष्पर्धा गरेको थियो । सिडेनबाट विद्रोही समूह निर्वाचनमा खडा भए पनि छ प्रदेशसहित केन्द्रमा पनि निर्वाचित भएको छ ।

एसोसियसनको ३३औँ कार्यसमितिका लागि फागुन २७ गते शुक्रबार मतदान भएको थियो । एसोसियसनबाट इञ्जिनीयर्स काउन्सिलमा प्रतिनिधित्व गर्ने पाँच पदमा पनि सिडेनकै उम्मेदवार निर्वाचित भएको जनाइएको छ ।

# मेयर उपमेयर कप: सत्यवती छात्रा फुटबलको फाइनलमा



व्यास नगरपालिकाको आयोजनामा जारी मेयर उपमेयर कप फुटबल प्रतियोगितामा छात्रातर्फ सत्यवती मावि फाइनलमा प्रवेश गरेको छ । व्यास नगरपालिका-१ भादगाउँस्थित निर्मल माविको खेलमैदानमा आज सम्पन्न खेलमा वाराही आवासीय माविलाई पराजित गर्दै सत्यवती फाइनलमा प्रवेश गरेको हो । सत्यवती ४-० गोल अन्तरले विजयी हुँदै फाइनलमा प्रवेश गरेको हो । सत्यवतीका तर्फबाट झरना राईले तीन र उमिता राईले एक गोल गरेका थिए । छात्रातर्फ चार विद्यालयको सहभागिता रहेको छ। बिहीबारदेखि सुरु प्रतियोगिताअन्तर्गत छात्रतर्फ सत्यवती मावि, बाराही आवासीय मावि र महेन्द्रज्योति मावि विजयी भएको छ ।

सत्यवती मावि र पराशर कलेजबीच भएको खेलमा सत्यवती ६-१ ले विजयी भएको व्यवस्थापन विद्यालय निर्मल माविका प्रधानाध्यापक गणेशचन्द्र बस्नेतले जानकारी दिए । बाराही आवासीय मावि र शिव पञ्चायन माविबीच भएको दोस्रो खेलमा बाराही ३-१ र महेन्द्रज्योति र क्यामिन माविबीच भएको तेस्रो खेलमा महेन्द्रज्योति १-० ले विजयी भएको छ ।

विद्यालयस्तरदेखि नै विद्यार्थीमा खेलप्रतिको रुचि बढाउने उद्देश्यसहित नगरपालिकाले विगत वर्षदेखि मेयर तथा उपमेयर फुटबल प्रतियोगिता गर्दै आइरहेको छ । प्रतियोगितामा छात्रतर्फ १४ र छात्रातर्फ चार विद्यालयको सहभागिता रहेको शिक्षा तथा सामाजिक विकास शाखाप्रमुख उपसचिव नगेन्द्रप्रसाद रेग्मीले जानकारी दिए । प्रतियोगितामा प्रथम हुनेलाई रु ३० हजार, द्वितीय हुनेलाई रु २० हजार र तृतीय हुनेलाई रु १० हजार नगदका साथै ट्रफी प्रदान गरिनेछ ।(रासस)

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मकवानपुर खेलकुद अध्यक्षमा खड्गी

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ जिल्ला खेलकुद विकास समिति मकवानपुरको अध्यक्षमा भेष खड्गी नियुक्त भएका छन् । बागमतीको प्रदेश खेलकुद विकास परिषद्ले मकवानपुरसहित प्रदेशका ११ वटा जिल्ला खेलकुद समितिको अध्यक्ष नियुक्त गरेको छ ।

प्रदेश खेलकुद विकास परिषद्ले सत्ता गठबन्धनमा रहेका दलहरुलाई भागबण्डाको आधारमा जिल्लास्थित खेलकुल समिति अध्यक्ष नियुक्त गरेको हो । तत्कालीन जिल्ला खेलकुद विकास समिति मकवानपुरको कोषाध्यक्षसमेत भइसकेका खड्गी अध्यक्षमा नियुक्त भएका हुन् । नवनियुक्त अध्यक्ष खड्गीलाई हेटौंडा-५ क्याम्पा रंगशालामा जारी फुटबलकै क्रममा स्वागत तथा सम्मान गरिएको थियो ।



जिल्लासमिति पाँच सदस्यीय रहने व्यवस्था छ । हाल जिल्ला अध्यक्ष मात्रै नियुक्त भएपनि परिषद्ले पछि भागबण्डा मिलाएर सदस्य नियुक्त गर्ने जनाइएको छ ।

परिषद्का अनुसार काठमाडौं र भक्तपुर समितिमा भने अध्यक्ष नियुक्त भएका छैनन् । भागबण्डामा माओवादी केन्द्रका ६, कांग्रेस ३ र नेकपा एसबाट दुईजना नियुक्त भएका छन् । मकवानपुरमा खड्गीसहित रामेछापमा सरोज मगर, सिन्धुलीमा वीरबहादुर थिङ, धादिङमा प्रतापसिं तामाङ, चितवनमा उत्तम गुरुङ, रसुवामा दावा तामाङ, नुवाकोटमा बुद्धिमान तामाङ, ललितपुरमा विनोद महर्जन, काभ्रेमा मानबहादुर लामा, सिन्धुपाल्चोकमा सुदेश राना, दोलखामा रामहरि शिवाकोटी चयन भएका छन् । नवनियुक्त अध्यक्षहरुको कार्यकाल दुई वर्षको हुनेछ ।

## मनहरीमा बस दुर्घटना हुँदा दुई जनाको मृत्यु

हेटौंडा, ४ चैत/ हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको यात्रुबाहक बस मनहरी गाउँपालिकाको भुल्चोकमा दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ ।

मकवानपुरको मनहरी-६, भुल्चोकमा शुक्रबार बिहान अनियन्त्रित भई ना. ४ ख ४४५४ नम्बर बस पल्टिएको थियो । दुर्घटनामा बसका सहचालक नुवाकोट, तारकेश्वर गाउँपालिका वडा नम्बर ४ बस्ने २२ वर्षीय सुवास श्रेष्ठ र बसमा सवार सोही ठाउँका २९ वर्षीय शम्भु दराई मगरको मृत्यु भएको इलाका प्रहरी कार्यालय मनहरीका प्रमुख प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिए । बस अनियन्त्रित भएर पल्टिए पनि अरु कारण भने खुल्न नसकेको प्रहरी निरीक्षक थापाले बताए ।

दुर्घटनामा परी १५ जना घाइते भएका छन् । उनीहरुलाई उपचारका लागि चितवनस्थित अस्पतालमा लगिएको छ । सामान्य बिरामीहरु उपचारपश्चात् डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रवक्ता प्रहरी निरीक्षक राजकुमार सापकोटाले बताए ।

## वडा अध्यक्षहरुको दबाबपछि अलपत्र सडक निर्माण गर्ने प्रतिबद्धता

हेटौंडा, ४ चैत/ हेटौंडा उपमहानगरपालिकाभित्र हुप्रचौर, टिसिएन रोड र नगरपालिका रोडमा अलपत्र बनेको सडक निर्माण कार्य सुरुवात हुने भएको छ ।

वडा अध्यक्षहरुले अलपत्र सडक निर्माण गर्न निर्माण कम्पनीलाई दबाब दिएपछि उनीहरुले काम तत्काल सुरु गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । जनप्रतिनिधिहरुलाई अटेर गरी काम नगर्ने निर्माण कम्पनीहरुलाई हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, वडा नम्बर १० का वडाअध्यक्ष कितापसिं लामा, वडा नम्वर २ का जनप्रतिनिधिसहितको टोलीले सचेत गराएको हो । निर्माण कम्पनी सप्तकोशी जलाधार र यातायात पूर्वाधार निर्देशानलय हेटौंडाका प्रमुख तथा प्रतिनिधिबीच चैत ६ गतेबाट निर्माण सुरु गरेर १५ वैशाखभित्र सक्काउने सहमति बनेको जनाइएको छ ।

जनप्रतिनिधिसहितको टोलीले अलपत्र सडक निर्माण बारे निर्माण कम्पनीलाई छिटो काम सक्न दबाब दिएका छन् । हेटौंडाको २, ४ र १० नम्बर वडाका वडा अध्यक्षको समूहले यसअघि पनि पटक-पटक सडक निर्माण अलपत्र पारेको भन्दै ध्यानाकर्षण गराउँदै आएको थियो । उनीहरुले नगर भित्रकै सडक निर्माण अलपत्र पारेर वडाबासीलाई दु:ख दिने काम निर्माण कम्पनीबाट भएको भन्दै कारबाहीको मागपनि गरेका थिए । निर्माण कम्पनीले ठेक्का लिने र काम नगर्ने समस्याबाट सर्वसाधारणले मात्र नभई जनप्रतिनिधिहरुले नै दु:ख पाइरहेका छन् ।

छलफलमा बोल्दै हेटौंडा ४ का वडाअध्यक्ष सिग्देलले जनतालाई दु:ख दिएर निर्माण कम्पनी बस्नु दु:खद् भएको बताए । छलफलमा बोल्दै निर्देशानलयका निमित्त निर्शेक सहदेब भण्डारीले अब निर्माण कम्पनीले तोकेको समयमा काम गर्नेमा विश्वस्त रहेको र नियमित अनुगमन गरिने बताए । सप्तकोशी जलाधार हेटौंडाका फिल्ड प्रमुख चन्द्रनारायण यादबले चैत ६ गतेबाट नियमित काम अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । हेटौडा-४ हुप्रको करिब ४ किमि सडक कालोपत्रे गर्ने, पेटी ढल निर्माण गर्ने, १० नम्बर वडाको टिसिएन रोड, २ नम्बर वडाको मानस चोकदेखि मनकामना चोक र बनस्खण्डी सडक कालोपत्रे गर्न यातायात पूर्वाधार निर्देशनालय हेटौंडासँग निर्माण कम्पनीले २ मंसिरमा काम सक्काउने गरी सम्झौता गरेको वडा अध्यक्ष सिग्देलले जानकारी दिए ।

## वडा अध्यक्षको कुर्सी सडकमा

हेटौंडा/कार्यालयमा बसेर काम नगरेको भन्दै हेटौंडा-८ का वडा अध्यक्षको कुर्सी सडकमा ल्याएर बिरोध गरिएको छ ।

वडा अध्यक्ष गोपालबहादुर श्रेष्ठ कार्यालयमा नबसेर सेवाग्राहीको बेवास्ता गरेको भन्दै उनी बस्ने कुर्सी सडकमा ल्याएर प्रदर्शनी गरिएको हो । सत्ता गठबन्धनमा रहेका दलहरुको नेतृत्वमा स्थानीय युवाहरुले वडा अध्यक्ष बस्ने कुर्सी सडकमा ल्याएर विरोध गर्नुको साथै वडा कार्यालयमा तालाबन्दी पनि गरेको जनाइएको छ । वडा अध्यक्ष श्रेष्ठले सेवाग्राहीको काममा ढिलाई गर्ने, दु:ख दिने, दिनभर काम नगरेर अन्यत्र जाने, काम गरिदिएवापत एमालेको सदस्यता लिनुपर्ने सर्त राख्ने जस्ता गतिविधि गरेकाले बाध्य भएर आन्दोलित बनेको नेपाली कांग्रेस हेटौंडा-८ का सभापति भुपेन्द्र कोइरालाले जानकारी दिए ।

'वडा अध्यक्षले गर्नुपर्ने काम नगरेर जनतालाई दु:ख दिएको हुनाले हामीले यस्तो गरेको हो', उनले भने । यसअघि नै पदीय मर्यादा कायम राखेर काम गर्न र पक्षपात नगर्न सुझाव दिएपनि अटेर गरेकोले आन्दोलनमा उत्रिएको उनको भनाइ छ । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादीसहितका पार्टीका नेता कार्यकर्ताहरुले श्रेष्ठले व्यवहार सुधार नगरे कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

## मुआब्जामा विवादले निर्माणमा ढिलाई

हेटौंडा, ४ चैत/ हेटौंडालाई काठमाडौंसँग जोड्ने छाटो दूरीको मार्गअन्तर्गत् भीमफेदी गाउँपालिकाको भैंसेदेखि भीमफेदीसम्म सडक निर्माणको काम २६ प्रतिशत मात्रै सकिएको छ ।

मुआब्जा विवादले गर्दा सडक निर्माणको काम अगाडि बढाउन ढिलाई भइरहेको जनाइएको छ । सडक निर्माण कार्यमा अहिले कटिङ गर्ने काम भइरहेको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका सूचना अधिकारी इन्जिनियर हरि ओझाले जानकारी दिए । ११ दशमलव ५ किलोमिटर सडकलाई दश मिटर चौडा बनाउने र कालोपत्रे गर्नेगरी निर्माण कम्पनीसँग सम्झौता गरिएको थियो । सडक निर्माण क्षेत्रमा पर्ने भीमफेदी गाउँपालिकाको वडा नम्बर-२, ४ र ६ नम्वरमा गरी ४३ घरका टहरा तथा अरु संरचनामा सडक सिमामा पर्छ ।

उनीहरुका लागि मुआब्जामा कुरा नमिल्दा सडक निर्माणमा समस्या भएको ओझाको भनाई छ । बागमती प्रदेश सरकारले जग्गाको मुआव्जा नदिने तर, सडक सिमामा परेका घर, टहरा लगायतका संरचनाको मुआब्जा दिने बताएको भएपनि स्थानीयले जग्गाको पनि मुआब्जा माग गरेका छन् । जसले गर्दा सडक निर्माण कार्यमा ढिलाई हुँदै आएको छ । २०७९ साल असार २३ गते सम्म सडक निर्माणको काम सक्नुपर्ने भएपनि स्थानीय मुआब्जाको विवादको कारण सडक निर्माण कार्यमा ढिलाई भइरहेको उनको भनाइ छ ।

**बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुर्‍याऔं ।**

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## कर्मचारी आवश्यकता

**शुभलक्ष्मी प्रिन्टिङ्ग प्रेस**को लागि कम्प्युटर अपरेटर आवश्यकता परेको हुनाले ईच्छुक महानुभावले सम्पर्क गर्नुहोला ।
**योग्यता:** S.L.C. वा +२ पास गरेको ।
कम्प्युटर In Design चलाउन जान्नेको लागि प्राथमिकता दिइनेछ ।
**तलब:** आपसी समझदारीमा तय गरिनेछ ।
**सम्पर्क:**
९८६५०८९६९२, ०५७-५२४४५५

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## डबल ब्ल्याक खाजा

**स्वादिष्ट परिकारहरू:**

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



**ओपाज** कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।


**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

## www.sajhakuranews.com

साझाकुरा

"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रातजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद

## प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा

यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

**सञ्चालन हुने खेलहरु र खेलस्थल**

१. **मकवानपुर:** पुरुष फटुबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
ब्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि

**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा
**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे
**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्वारा ड्रिल कार्यक्रम तथा आताँशवाजीको मज्जा लिन सकिने ।
**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

**आयोजक**
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश

## खुल्यो ! खुल्यो



नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना